# दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुल्लू, दैलेख

### सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७५/११/१५**

यस दुल्लू नगरपालिका, नगर कार्यपालिकाको कार्यालय दुल्लू, दैलेखले तपसिल बमोजिमका कामहरु सिलवन्दी बोलपत्रको माध्यमबाट आगामी २०७६ जेठ १५ गते भित्र निर्माण गराउनु पर्ने भएको हुंदा नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको सिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र ***अन्नपूर्ण पोष्ट दैनिकमा*** प्रकाशित मितिले ३० औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदनका साथ तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) वुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई बोलपत्र खरिद गर्न सकिनेछ । विद्युतिय माध्ययमवाट बोलपत्र पेश गर्न चाहने निर्माण व्यवसायीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र **Download** गर्न र बोलपत्र दाखिला गर्न सकिने छ ।

२. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकम सिलवन्दी बोलपत्र साथ कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको जमानीपत्र (विड वण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क दुल्लू शाखामा रहेको ४३४०३०३००७१०२ धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैङ्क भौचर सिलवन्दी बोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने इच्छुक निर्माण व्यवसायीहरुलाई सहजीकरणको लागि दुल्लू नगरपालिका, नगर कार्यपालिका कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ । वेभ साइटवाट सिधै डाउनलोड गर्ने कम्पनी वा निर्माण व्यवसायी वा निर्माताका अधिकृत विक्रेताले बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको रा.वा.वैङ्क दुल्लू शाखामा रहेको राजश्व खाता नं ४३४०३०२०३६३०२ मा र धरौटी वापतको रकम जम्मा गरेको भौचरको Scan copy समेत पेश गर्नुपर्ने छ । सिलवन्दी बोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा ४ (१२० दिन) महिना म्याद भएको कार्य सम्पादन बैङ्क जमानीपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० वजे भित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

४. दर्ता भएको बोलपत्र ३१ औं दिन दिनको २.०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

७. संयूक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा वढिमा ३ वटा फर्महरुको एउटा संयूक्त उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ। तर यस्तो संयूक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी संयूक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाईने छैन।

८. जुन फर्मको नामवाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाईने छ।

९. कुनै बोलपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्तकार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ।

१०. E- Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले अनिवार्य रुपमा बोलपत्र खोलिने मितिले सात दिनभित्र आफुले पेश गरेको बोलपत्र सम्वन्धी सम्पूर्ण कागजातको सक्कलप्रति (HARD COPY) यस कार्यलयमा पेश गर्नुपर्ने छ।

११. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ।

१२. यसमा भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

१३. अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।

१४. बोलपत्र दस्तुर रु. ३०००।०० यस कार्यालयको रा.बा.बैंक दुल्लू स्थित राजश्व खाता नं. ४३४०३०२०३६३०२ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयमा नगदै दाखिला गरी सोको रसिद साथ माथि उल्लेखित कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिने छ।

| क.स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | २५/२०७५/०७६ | बारतडी-रिजु-रातिमाटा-कीर्तिखम्ब-शान्तिबजार-नेपा-पिपलघारी सडक मर्मत | ४३,३७,७४१।८४ | ३०००।०० | १,०८,५००।०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |
| २ | २६/२०७५/०७६ | तल्लो डुंगेश्वर-खर्चेगैरा-वडा कार्यालय-बैक ट्रयाक ओपन तथा सडक विस्तार | ३४,४८,७८६।१० | ३०००।०० | ८६,२५०।०० | ईजाजत प्राप्त निर्माण व्यवसायी |

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**